# म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छाङ, तनहुँ

गण्डकी प्रदेश, नेपाल

## टिप्पणी र आदेश

टिप्पणी संख्या :

बिषय : विज्ञापन अनुमति माग सम्बन्धमा ।

श्रीमान

यस गाउपालिका मा मिति २०७८।१२।२४ मा खैरेनिटार १ निवासी हाल म्याग्दे ६ मा जग्गा हुने श्रीराम उपाध्याय १, म्याग्दे ४ मा जग्गा हुने श्री राजेन्द्र अधिकारी १,र म्याग्दे ६ मा जग्गा हुने श्री रिख नारायण श्रेष्ठ भनिने रित वहादुर क्षेत्रि गरी जम्मा ३ जना ले होडिङ्ग वोर्ड वाट विज्ञापन गर्ने अनुमती पाउ भनि दिएको निवेदन सम्बन्धमा संघिय कानुन विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा (४) को उपदफा (४) अनुसार आवश्यक जाचवुझ गर्न को लागी राजश्व परामर्श समिति मा छलफल गरी सो को निर्णय सहित स्थलगत अध्यन प्रतिवेदन पश्चात कानुन अनुसार अनुमति दिने कार्य अगाडी वढाउने सम्बन्धमा प्रारम्भिक चरण मा तोक आदेश तथा दर्ता भई आएको निवेदन का सम्बन्धमा तपशिल बमोजिम कानुनी समस्या परेको हुदा तपशिल बमोजिम हुन मनासिब देखि निर्णयार्थ पेश गर्दछु ।

**तपशिल**

१, विज्ञापन ( नियमन गर्ने) ऐन २०७६ को दफा (४) को उपदफा (४) अनुसार जाचवुझ गर्ने आधार सहित मनासिव देखीने मापदण्डहरु सम्बन्धमा गर्नु पर्ने कानुनी ब्यवस्था साथै सोही ऐनको दफा (४) को उपदफा (५) को (क) देखी (ज) सम्म का ब्यवस्थाको कार्यन्वयनमा मा गर्नु पर्ने स्पष्ट व्याख्यात्मक कानुनी आधार तथा मापदण्डहरु ,सोही ऐनको दफा (४) को उपदफा (४) तथा उपदफा ( ५) को (झ) साथै दफा (२४) को उपदफा ( २) र (५) अनुसार अनुगमन नियमन गर्न र गाउपालिका को आन्तरीक आय बृद्धि तथा ब्यवसायी उद्योगी उत्पादक को ब्यवसायीक वातावरण तयार गर्न को लागी पनि कानुन वनाउनु पर्ने वाध्यात्मक अवस्था, र दफा २७ अनुसार पर्ने उजुरीका विषयमा स्थानिय तहले गर्ने कारवाही को प्रकृर्या , आधार तथा मापदण्ड को आवश्यक्ता,दफा ३१ को (ग) समेत समग्र विषय तथा प्रावधानहरु अध्यन गर्दा गाउपालिका को लागी आफ्नै स्थानिय कानुन को आवश्यक्ता अपरिहार्य रहेको, सोही ऐनको दफा ७ अनुसार वोर्ड ले निर्धारण गरेको मापदण्ड सहित गाउपालिका भित्र निषेधित क्षेत्र घोषणा गरी सार्वजनिक सुचना प्रकाशन गर्नको लागी वृस्तित रुपमा गर्नु पर्ने अध्यन अनुसन्धान र पहिचान का क्षेत्र तथा विषयहरु, विज्ञापन (नियमन गर्ने) ऐन २०७६ मा स्थानिय तहले प्रदान गर्ने अनुमति सम्बन्धी कुनै अनुसुचि नमुना नभएको अवस्था सगै गाउपालिका वाट हाल सम्म वनेका कानुन अनुसार सो अनुमति सम्बन्धमा कुनै ब्यवस्था पनि आर्कर्षित नभएको स्थिति, विगत गाउपालिका

म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छाङ, तनहुँ

गण्डकी प्रदेश, नेपाल

## टिप्पणी र आदेश

टिप्पणी संख्या :

स्थापना देखी नै सडक आसपासमा विभिन्न विज्ञापन कर्ता का होडिङ्ग वोर्ड रहेका कसैले पनि अनुमति माग गर्न नआएको स्थिति, समेत लाई मध्यनजर गरी गाउपालिका ले प्रथम पटक १० औ गाउसभा २०७८ आषाढ को निर्णय न.४३, तथा आर्थिक ऐन २०७८ अनुसार विज्ञापन ठेक्का चालु आर्थिक वर्ष ०७८।०७९ मा लगाए सगै सरोकार निकाय ले अनुमति माग गरी पहिलो पटक गरेको निवेदन अनुसार अनुमति दिने पुर्वाधारहरु यस पुर्व तयार नभएको अवस्था समेत वाट निवेदक ले ऐनको दफा (४) को उपदफा (४) अनुसार माग गरे अनुसार तत्कालै यथास्थिति मा अनुमतिपत्र दिन नसकिने साथै हालको नजिकिदो स्थानिय तहको निर्वाचन का कारण पदाधिकारी हरु सवै आ आफ्नो राजनीतिक दौडधुप मा लागे सगै राजश्व परामर्श समिति सहित कार्यविधि निर्माण गर्ने अधिकार प्राप्त निकाय गाउकार्यपालिका को तत्कालै वैठक वस्न नसक्ने अवस्था ,निर्वाचन आयोगको यही मिति २०७८।१२।२६ वाट लागु भएको निर्वाचन आचार संहिता समेत लाई मध्यनजर गरी अनुमती माग गर्ने हाल का निवेदक सहित सो सग सम्वन्धित सवै सेवाग्राही को माग लाई समयमा नै सम्वोधन गर्न को लागी राजश्व शाखा मार्फत छिमेकी पालिका को समेत अभ्यास लाई अध्यन गरी कार्यविधि को मस्यौदा तयार गरी यही मिति २०७८ जेष्ठ १० भित्र नवगठीत राजश्व परामर्श समिति मा पेश गर्न लगाउने साथै राजश्व परामर्श समिति ले गरेका अध्यन पश्चात को सिफारीस तथा निर्णय का आधारमा तत्काल गठन भएको नया गाउकार्यपालिका वैठक मार्फत स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार कार्यविधि स्विकृत गरी हाल का निवेदक सहित सवै सरोकार सेवाग्राही लाई स्विकृत कार्यविधि को परिधि भित्र रही अनुमती लगाएत का सवै सेवा प्रदान गर्ने ।

२, अनुमति माग गर्ने निवेदक सहित सवै सेवाग्राही लाई यस विषयको जानकारी को लागी सार्वजनिक सुचना वेभसाईट मार्फत जारी गर्ने ।

३,ऐनमा भएको व्यवस्था अनुसार नेपाल सरकार को सरोकार मन्त्रालय, सञ्चार तथा सुचना प्रविधि मन्त्रालय शिहदरवार काठमाण्डौ , विज्ञापन वोर्ड मा वोधार्थ दिने साथै गाउपालिका वाट सेवा प्राप्त नभएको भनि निवेदक ले नियमन गर्ने उच्च निकाय सहित स्थानिय प्रशासन मा समेत गुनासो गर्न सक्ने हुदा सवै नियमन गर्ने निकाय र जिल्ला प्रशासन कार्यलय तनहु लाई वोधार्थ दिने ।

४, गाउपालिका का ७ वटै वडा कार्यलय र विषयगत शाखा लाई यस विषयमा कानुन निर्माण गर्न आवश्यक पर्ने सवै सुचना तथा तथ्याङ्क संकलन गरी राजश्व शाखा लाई यथाशिघ्र उपलब्ध गराउने गरी वोधार्थ तथा जानकारी गराउने ।

## टिप्पणी र आदेश

टिप्पणी संख्या :

५, सेवाग्राही का यस किसिमका माग र आवश्यक्ता सहित सवै प्रकृतिका स्थानिय अधिकार र कानुन सम्मत क्षेत्राधिकार का सेवा समयैमा नै गाउपालिका वाट प्रदान गर्न यसरी नै तत्परता तथा जोड दिने साथै हाल तत्कालै सेवा प्रदान गर्न असमर्थ भएको प्रति सेवा ग्राही समक्ष गाउपालिका परिवार वाट क्षमा प्रार्थि गर्ने ।

६, कार्यपालिकिय अधिकार अर्न्तगत कार्यविधि निर्माण नभएको कारण ले गर्दा हाल सेवा प्रभावित भएको हुदा यो निर्णय को सुचना कार्यपालिका प्रमुख अध्यक्ष मार्फत जारी गर्ने ।

पेश गर्ने